बालबालिकालाई निमोनियाबाट जोगाऔं
निमोनियाबाट बालबालिकालाई बचाउन,
-नियमित रुपमा लगाईने खोपहरू लगाऔं ।
-आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
-धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
-सरसफाईमा उचित ध्यान दिऔं ।
-संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक १२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६६

# मिक्सरले पत्थरकट्टाहरूको पेशा सङ्कटमा

नितेश कर्ण, वीरगंज, ११ कात्तिक/

वीरगंज महानगरपालिका–२ छपकैया पोखरीमा चार दशकभन्दा बढी समयदेखि थबई समुदायका पत्थरकट्टाहरू सिलौटा, जाँतो बनाएर जीविकोपार्जन गर्दै आइरहेका छन् ।




रु १० देखि पत्थरकट्टाहरूले सिलौटा र रु ३० देखि जाँतो बिक्री गर्दै आएकामा चार दशकको अन्तरालमा अहिले सिलौटाको मूल्य रु ८०० र जाँतोको मूल्य रु १५०० भएको छ । पर्सा जिल्लाका विभिन्न स्थानहरू र काठमाडौं, पोखरा, नारायणगढलगायतका स्थानमा पुगेर उनीहरूले सिलौटा, जाँतो बिक्री गर्दै आएका छन् । पछिल्लो समयमा मिक्सर ग्राइन्डर घरघरमा पुगेर जाँतो, सिलौटाको माग घटेको पत्थरकट्टा राज हवाई बताउँछन् ।

दाल, गहुँ, मसला पिस्नको लागि जाँतो र सिलौटाको प्रयोग हुन्थ्यो । यसबाट पिसिएका मसलाहरू मिक्सरमा पिसिएको भन्दा गुणस्तरीय हुने भएकाले अहिले पनि ग्रामीण र शहरी क्षेत्रमा यसको माग रहेको उनीहरू बताउँछन् । तर पहिलेको तुलनामा बिक्री घटिरहेको पत्थरकट्टा हवाईले बताए ।

उनले जाँतो र सिलौटाको माग घटेपछि व्यवसाय सङ्कटमा परेको र पूर्वजहरूले गरेको पेशा सन्ततिहरूले नअपनाउने हुन् कि भन्ने चिन्ताले सताएको बताउँछन् । सिलौटा र जाँतो तयार गर्न एक दिन लाग्छ । सयवटा ढुङ्गामध्ये केही ढुङ्गा काम लाग्ने र त्यसबाट जाँतो, सिलौटा तयार गर्दा सङ्ख्या थोरै हुने उनी बताउँछन् ।

पर्साको ग्रामीण क्षेत्रमा शुरूमा सबैजनाले जाँतो र सिलौटाको प्रयोग गर्दै आएका थिए । अहिले मिक्सरको प्रयोग बढेसँगै ग्रामीण क्षेत्रका भान्साहरूमा पनि माछाको परिकार बनाउँदा सरसो, तोरी पिंध्न र गोलभेंडाको अचार पिस्ने काममा मात्र सिलौटा प्रयोग हुने गरेको छ । ग्रामीण क्षेत्रमा भारतीय सीमावर्ती क्षेत्रबाट पनि थबई समुदायका पत्थरकट्टाहरूले साइकलमा जाँतो, सिलौटा ल्याएर बिक्री गर्ने गरेका छन् ।

# मधेस सरकारले जनताको लागि काम गर्दै –मुख्यमन्त्री

प्रस, वीरगंज, ११ कात्तिक/

मुख्यमन्त्री सतीशकुमार सिंहले मधेस सरकारले जनताको लागि काम गरिरहेको बताएका छन् ।

जनमत पार्टीको पर्सा क्षेत्र नं ४ को क्षेत्रीय कार्यालय उद्घाटन र दीपावली तथा छठ पर्वको शुभकामना कार्यक्रममा उनले सात वर्षसम्म जसपा नेपाल सरकारले मधेसमा केही गर्न नसकेको तर कम समयमा जनमत नेतृत्वको सरकारले धेरै काम गरेको दाबी गरे ।

उनले थोरै समयमा बजेट तथा नीति र कार्यक्रम गर्ने अवसर पाएको र सोमा आफूले जनताको हितका लागि बहुवर्षीय योजना बनाइ उदाहरणीय काम गरेको बताए । उनले लामो समयदेखि स्थानीय सरकार सञ्चालन ऐन अनुसार कर्मचारीहरूको समस्या, युवा खेलकूद



विधेयक पास, अन्य कर्मचारीको हकमा अलपत्र परेका ऐन विगतका सरकारले सबै निकायमा आसेपासे कर्मचारी भर्ना गरेकामा सोलाई हटाएर लोकसेवामार्फत रोजगारको अवसर दिने कार्य शुरू भएको बताए ।

मुख्यमन्त्री सिंहले मधेसमा ७५ वटा गौरवका योजनाहरू जसले प्रत्यक्षरूपमा किसान र सर्वसाधारणलाई लाभ पुग्ने गरी काम शुरू भएको बताए । एक निर्वाचन क्षेत्र, एक सडक योजना अलपत्र अवस्थामा रहेकोमा आफ्नो सरकारले तीन वर्षभित्र सबै योजना सम्पन्न गर्न रकम निकासा गरेको बताए । ६४ वटा निर्वाचन क्षेत्रमध्ये अहिलेसम्म ११ वटामा मात्र सडक निर्माण भएको बताए । पुरानो



सरकारले अलपत्र बनाएको सडक यो सरकारले निर्माण गरेको बताए ।

विगतको समयमा माछाबजारझैं योजनाहरू अन्तिम समयमा कमिशन लिई वितरण गर्ने कार्यलाई रोक्ने र पारदर्शी हिसाबले सबै स्थानीय तहमा रकम बाँडफाँड गरेको बताए । मधेस विज्ञान प्रतिष्ठान र मधेस विश्वविद्यालय सञ्चालनको लागि अधूरा कामहरू अगाडि बढेको र चाँडै मधेस विश्वविद्यालय आफ्नो भवनमा जाने र सङ्घीयताको अध्ययन हुने बताए ।

जनमत पार्टीले नेतालाई जोगाउने नभई जनतालाई जोगाउने उनले बताए । अन्य पार्टीले आफ्ना नेता, कार्यकर्तालाई जोगाउने तर जनतालाई दुःख दिँदै आएका कारण जनमत पार्टी नीति नियम अनुसार अगाडि बढ्दा छोटो समयमा अगाडि बढेको बताए । २०८४ लाई मिसनको रूपमा लिएर अगाडि बढ्न आम जनतालाई सुझाएका थिए र चाँडै पार्टी अध्यक्षको नेतृत्वमा सङ्घ सरकार बनाउन आफूहरू अगाडि बढिरहेको बताए ।

विशेश्वर चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य ओमप्रकाश सर्राफ, मनु गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

**प्रस, पोखरिया/**

मुख्यमन्त्री सिंहले आज पोखरिया जिल्ला अस्पतालको अनुगमन गरेका छन् । पोखरिया अस्पताल सम्बन्धमा धेरै कुराहरू हुन नसकेको गुनासासँगै उनले अस्पतालको अनुगमन गरेर त्यहाँको भौतिक तथा यान्त्रिक अवस्थाको निरीक्षण गरेका थिए ।

अनुगमनको क्रममा उनले भौतिक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले सहयोग गर्ने र अधूरा कामलाई चाँडै पूरा गराउने प्रतिबद्धता जाहेर गरे । उनले अस्पताललाई आवश्यक जनशक्ति र उपकरण उपलब्ध गराउने बताए । प्रदेश सरकारले सक्दो सहयोग गर्ने र आवश्यक सहयोग सङ्घ सरकारबाट

(बाँकी पाँचौं पातामा)

# उद्योगमा कडाइ गरिएपछि श्रीसिया नदीमा ६० प्रतिशत सुधार

प्रस, वीरगंज, ११ कात्तिक/

वीरगंज महानगरपालिकाले श्रीसिया नदी प्रदूषण हुन नदिनका लागि अहिले तीव्र गतिमा अनुगमन शुरू गरेको छ ।


हालको श्रीसिया नदी

नगरप्रमुखमा राजेशमान सिंह निर्वाचित भएसँगै उनले श्रीसिया नदी प्रदूषणमुक्त गर्ने घोषणा गरेका थिए । उनको कार्यकाल ३० महीना पुग्न लाग्दा उद्योगहरूबाट श्रीसिया नदीमा प्रदूषित पानी बग्न रोक लगाएको कारण अहिले ६० प्रतिशत सुधार आएको जनाएको छ । यसपटकको छठलाई लक्षित गरेर महानगरपालिकाले कात्तिक १ गतेदेखि दैनिकरूपमा श्रीसिया नदी प्रदूषण


पानी प्रशोधन केन्द्र । तस्वीरः प्रतीक

नियन्त्रणका लागि अभियान शुरू गरेको छ । यो अभियान अन्तर्गत महानगरले आफ्नो क्षेत्र र जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका क्षेत्रमा पनि अनुगमन शुरू गराएको छ ।

जीतपुरसिमरा उपमनपासँग यसबीचमा सहकार्य गरेर त्यहाँ र यहाँका उद्योगीहरूको बैठक बसाएर कात्तिक १ गतेदेखि श्रीसिया नदीमा उद्योगका प्रदूषणयुक्त पानी पूर्णरूपमा बन्द गराएको छ । यसकारण श्रीसिया नदीमा अहिले सुधार भएको देखिन्छ । गत वर्षसम्म प्रदूषित रहेको श्रीसिया नदी अहिले ६० प्रतिशत सफा भएपछि यसपटक कात्तिक २२–२३ गतेको छठ श्रीसिया नदीमा मनाउन सकिने वातावरण सिर्जना भएको महानगरपालिकाले जनाएको छ ।

मनपाले श्रीसिया नदी प्रदूषणमुक्त गराउन साप्ताहिकरूपमा अनुगमन गराउँदै आएको थियो । अहिले केही उद्योगहरूले कृत्रिम र केही उद्योगहरूले आधुनिक पानी प्रशोधन केन्द्रबाट पानी प्रशोधित गरी श्रीसिया नदीमा बगाउँदै आएका छन् ।

महानगरपालिकाले कृत्रिम तरीकाबाट पानी प्रशोधन गरेर श्रीसिया नदीमा बगाउने उद्योगहरूलाई कात्तिक १ गतेदेखि पूर्णरूपमा बन्द गराएको छ । यद्यपि कृत्रिम तरीकाबाट पानी प्रशोधन गर्ने उद्योगहरूसँग दुई साताभन्दा बढी प्रदूषित पानी सञ्चय गर्ने संयन्त्र छैन । ठूलठूला पोखरी खनेर कारखानाभित्रै कृत्रिम तरीकाले प्रदूषित पानी सञ्चय गर्ने र त्यसलाई फिटकिरी, कास्टिक सोडाको प्रयोगबाट प्रशोधन गरेर श्रीसिया नदीमार्फत बहिर्गमन गराउने कार्य हुँदै आएको छ ।

वीरगंज महानगरपालिका र जीतपुरसिमरा उपमनपा अन्तर्गत २८ वटा उद्योगहरूको प्रदूषित पानी श्रीसिया नदीमा विसर्जन हुँदै आएको थियो । वीरगंज अन्तर्गत आठवटा उद्योग र जीतपुरसिमरा अन्तर्गत २० वटा


सिद्धि टेक्सटाइल्समा प्रदूषित पानी खाल्डो खनेर सञ्चय गरिएको र दुर्गा पल्प एन्ड पेपर उद्योगमा जडान गरिएको पानी प्रशोधन केन्द्र । तस्वीरः फाइल

श्रीसिया नदी पूर्ववत्रूपमा कञ्चन भएर बग्न सकेको छैन ।

महानगरको निरन्तरको प्रयासपछि अहिले बल्ल श्रीसिया नदी ६० प्रतिशत सफा भएको छ । वीरगंज मनपा कार्यालयले निरन्तरको प्रयासपछि

(बाँकी पाँचौं पातामा)

# जन्मदिनमा विद्यालयमा वृक्षारोपण विवादित

प्रस, वीरगंज, ११ कात्तिक/

नेपाली काङ्ग्रेस पर्साका नेता चन्द्रकिशोर चौधरीकी छोरी डा प्रीति चौधरीको जन्मदिनको अवसरमा आइतवार पटेर्वासुगौली गाउँपालिकास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा वृक्षारोपण गरिएको छ ।


जन्मदिनमा विद्यालय परिसरमा वृक्षारोपण गर्दै । तस्वीरः प्रतीक

विद्यालय सञ्चालनमा रहेको बखत बिहान ८ बजे राजनीतिक दलका नेताहरू, स्थानीय सुरक्षाकर्मीहरूलगायत स्थानीयहरू वृक्षारोपण गर्न जाँदा विद्यालयको पठनपाठन एक घण्टा प्रभावित भएको बताइन्छ । वृक्षारोपणपछि विद्यार्थी र शिक्षकहरूले पुष्पवर्षा गरी जन्मदिनको शुभकामना दिएका थिए ।

सो अवसरमा उपस्थित नेताहरुले भाषण पनि दिएका र विद्यालयको पठनपाठन प्रभावित भएको एक पक्षको आरोप छ । जन्मदिनको अवसरमा गरिने कार्यक्रम विद्यालय सञ्चालन भएकै बखत नगर्दा हुने उनीहरूको सुझाव छ । आयोजक पक्षले भने विद्यालयमा वृक्षारोपण मात्र गरिएको र त्यसबाट पठनपाठनमा कुनै असर नपरेको तथा जन्मदिनको शुभकामनालगातयका कार्यक्रमहरू नेता चौधरीको घरमा गरिएको बताएको छ ।

प्रदेशसभा सदस्य श्याम पटेलले विद्यालयमा वृक्षारोपण मात्र गरिएको र बढीमा १० मिनेटमा कार्यक्रम सकाएर नेता चौधरीको घरमा बाँकी कार्यक्रम भएको बताए ।

तर वडाध्यक्ष विजय गैरेले भने-वृक्षारोपणपछि विद्यालयमा सानो कार्यक्रम आयोजना गरिएको र विद्यार्थी, शिक्षकहरूले पुष्पवर्षा गरेर जन्मदिनको बधाई दिएका र सो क्रममा पठनपाठन प्रभावित भएको बताए । गापाध्यक्ष दिनेश चौधरीले आफू कार्यक्रममा नरहेको र फेसबूकमा हेरेको बताए ।

## विचारसार र सूक्तिहरू

**माया शब्दमा होइन, व्यवहारमा झल्किन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सहकारी असफल भएकै हो ?

**सहकारीको अर्थ सहकार्य हो । सहकार्य तथा सङ्गठनको नकारात्मक पक्ष कतै छैन । यही तथ्यलाई केन्द्रमा राखेर सहकारीको अवधारणा आएको हो। 'सहकारी' एक आर्थिक र सामाजिक सङ्गठन पनि हो। सहकारीका सदस्यहरू एकापसमा मिलेर वा सहकार्य गरेर साझा चासोको आधारमा स्वामित्व र व्यवस्थापन गर्छन् । मानवजीवन तथा समाज विकासको मेरुदण्ड आर्थिक भएको हुँदा, सहकारीको मुख्य उद्देश्य पनि सदस्यहरूको आर्थिक उन्नति गर्दै सामाजिक र सांस्कृतिक आवश्यकताहरू पूरा गर्नु हो। सहकारीको अवधारणा समयसँगै विकसित भएको पाइन्छ। शुरूमा व्यापार तथा वित्त क्षेत्रलाई मात्रै लिएको सहकारीले समयक्रमसँगै कृषि, स्वास्थ्य, शिक्षामा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। सहकारीहरूले सदस्यहरूको स्वामित्व, लोकतान्त्रिक व्यवस्थापन र सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिन्छ। सदस्यता, लोकतान्त्रिक नियन्त्रण, आर्थिक भागीदारी, शिक्षा एवं सचेतना तथा जानकारी, सहकार्य र समुदायको विकास सहकारीको मुख्य सिद्धान्त हो। यसरी सहकारी समाजको विकासमा महत्त्वपूर्ण साधनको रूपमा प्रयोगमा आएको छ ।**

**सहकारीमा आबद्ध सदस्यहरूबीच केही कुरामा समानता हुनैपर्छ। आबद्ध सदस्यहरूको वर्ग, स्तर, क्षेत्र, उद्देश्य, आर्थिक चासो, सहयोगको भावना, भागीदारी, समान मूल्य र सिद्धान्तलगायतमा समानता आवश्यक छ । समानता नरहे सहकारीको प्रभावकारिता र सहकार्यलाई प्रवर्द्धन गर्न समस्या हुन्छ । सबै कुरामा समानता नभए पनि अधिकांश पक्षमा समानता हुनैपर्छ । अन्यथा त्यस्तो सहकारिता दिगो, लोकतान्त्रिक, सहज र सहअस्तित्वसहितको हुन सक्दैन । उदाहरणको लागि अर्बपति र निम्न आयस्तरका सदस्यबीच एउटै सहकारीमा सदस्य रहन घातक हुन्छ । त्यसैगरी, भौगोलिक वा दूरीको हिसाबले टाढा रहेका सदस्यहरू एउटै सहकारीमा रहँदा सहकार्य हुन सक्दैन भने राष्ट्रियस्तरका व्यापारीको लगानी, बचत एवं आवश्यकता र कृषि मजदूको लगानी, बचत, आवश्यकता समान हुन सक्दैन । समानता नभए अपारदर्शिता, एकल स्वार्थ, निरङ्कुशता हाबी हुन्छ । बाहिरबाट हेर्दा सहकारीजस्तो देखिए पनि भित्र सहकारी हुँदैन । उदाहरणका लागि हाम्रो मुलुकका केही सहकारीमा हाल देखिएको विकृति काफी छ ।**

**सहकारीमा ठगी प्रकरणले यसको नामलाई बदनाम गऱ्यो। वास्तवमा सहकारी असफल भएको हो ? सोच्न बाध्य बनायो। डरको कारण कतिपय सहकारीका सदस्य एवं शेयर होल्डरहरूले आआफ्ना सहकारीबाट रकम निकालेर लगे । वास्तविक सहकारीमा ठगी हुँदैन। समान हैसियत तथा उद्देश्य रहेका सदस्यहरू भएको संस्थामा विनियम, नियम तथा बैठक निर्णयहरू सामूहिक छलफलबाट हुन्छ। यसका निक्षेप, लगानी तथा नगद मौज्दात एवं तरलता पारदर्शी हुन्छ। एक व्यक्तिले धेरै रकम लिन पाउने अवस्था रहँदैन। सहकारीका सदस्यबाहेक अरूले ऋण पाउँदैनन् । सहकारीका सदस्यले पनि आफ्नो बचतभन्दा बढि ऋण लिन परे अन्य बचतकर्ता जिम्मेवार बस्नुपर्छ। चिया बेचेर, मकै पोलेर गरेको बचत सहकारीको सदस्यभन्दा बाहिरका अर्बपतिले ऋण लिएका छन् । यो सहकारीको मर्म र सिद्धान्तविपरीत भयो । सिद्धान्तविपरीत चलेमा दुर्घटना निश्चित छ । जहाँ सहकारी राम्रो चलेको छ, त्यहाँ बैंकबाट रकम निकालेर सहकारीमा राख्ने क्रम चलिरहेकै छ । बचतकर्ता ढुक्क छन् ।**

# कर्मचारीतन्त्रले बिगारेको देश

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**हामीकहाँ औपचारिक शिक्षाको त्यति पुरानो इतिहास छैन । ११औं शताब्दीको अन्त्यतिर नै पश्चिमाजगत्हरूमा विश्वविद्यालयहरू सञ्चालनमा रहेको भएपनि हामीकहाँ किंवदन्तीका रूपमा रहेका नालन्दा र तक्षशिलाजस्ता विश्वविद्यालयहरू भएको भनिए पनि औपचारिक शिक्षामा त्यसको प्रभाव र योगदान खास देखिएन ।**

२०४६ सालको परिवर्तनपछि देशको आर्थिक, सामाजिक र राजनीतिक प्रणालीमा कुनै तात्त्विक परिवर्तन भएको जनताले अनुभूति गर्न सकेको छैन । त्यसपश्चात् जनयुद्ध, जनान्दोलन, मधेस आन्दोलन, विभिन्न जनजाति आन्दोलनमार्फत हामी यहाँसम्म त पुग्यौं तर जनजीविकामा केही पनि तात्त्विक परिवर्तन देखिंदैन । जब एउटा देशमा राजनीतिलाई कर्मचारीतन्त्रले घेराबन्दीमा पार्छ, त्यहाँ राजनीतिक दल मात्र होइन कर्मचारी पनि उत्तिकै दोषी हुन्छ ।

नेपाल हाल सङ्घीय राज्य व्यवस्थामा आधारित छ । नेपालमा सङ्घीय सरकार, सात प्रदेश सरकार, ७५३ स्थानीय सरकार गरी जम्मा ७६१ सरकार छन् । यतिका धेरै सरकारमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सार्वजनिक प्रशासन सञ्चालन, विकास निर्माण, जनताका आवश्यकता परिपूर्ति एवं समग्र राज्यसत्ता सञ्चालनमा निरन्तर लागिरहेका छन् । यी सरकारहरूमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको द्वन्द्व नेपालको राज्य सञ्चालनको प्रमुख समस्या बन्न पुगेको छ। यो समस्या केन्द्र सरकारमा सुषुप्त र आन्तरिकरूपमा मात्र रहेको छ। प्रदेश सरकारहरूमा कहिलेकाहीं छिटपुटरूपमा सतहमा आएका भएपनि सामान्यतया आन्तरिक समस्याका रूपमा मात्र रहेको छ भने स्थानीय सरकारहरूमा मुखरित भएर सतहमा नै छताछुल्ल भएका छन्। स्थानीय तहहरूले जम्मा एक कार्यकाल (५) वर्ष मात्र पूरा गरेको अवस्थामा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको द्वन्द्वका कारण कुनै स्थानीय तहले सरुवा भई हाजिर हुन आएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर हुनै नदिनेसम्मका गतिविधिहरू सामान्य जस्तै भइसकेका छन्। जबकि उसले कार्यालयमा उपस्थित भएर आफ्नो क्षमता प्रदर्शन गरेकै छैन। उसले जिम्मेवारी सम्हालेकै छैन । यसभन्दा अधिको प्रमुख प्रशासकीय अधिकृतको छाया उसमा पनि देख्ने अल्पदृष्टि स्थानीय तहका राजनीतिक नेतृत्वहरूको सामूहिक गुण बन्न थालिसकेको छ। यसैगरी, स्थानीय तहमा भौतिक आक्रमण र कार्यालयमा उपस्थित हुनै नसक्ने समस्या यदाकदा देखिन थालेका छन् । यद्यपि सरकार सञ्चालनमा सत्तापक्ष र प्रतिपक्षबीचको द्वन्द्वले पनि कार्यसञ्चालनमा बाधा पुऱ्याउने गर्छ । सङ्घीय र प्रादेशिक तहमा संसद् अवरुद्धदेखि स्थानीय तहमा कार्यपालिकाको बैठक बहिष्कार र बैठक बस्न नदिनेजस्ता समस्या पनि राजनीतिक नेतृत्वहरूबीचको असमझदारीका कारण पनि हुने गरेका छन्। तर यहाँ राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको सम्बन्धको विषय मात्रै उल्लेख गर्न खोजिएको छ। यहाँ यस क्षेत्रका समस्याको पहिचान, त्यसका कारण, असर र प्रभाव तथा समस्या समाधानका उपायहरूको खोजीको प्रयास गरिएको छ। यो समस्या सरकारका तह अनुसार फरकफरक प्रवृत्तिमा मात्र देखिएको हो । यसको कारण चाहिं समग्रमा एकै प्रकारका भएपनि असर र प्रभाव भने सरकारको तह अनुसार फरकफरक छ।

राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको असमझदारी सृजना हुने विभिन्न कारणहरूमध्ये प्रमुख कारण राज्य सञ्चालनका लागि आवश्यक अवयवहरूमाथिको दृष्टिकोण र बुझाइको क्षमतामा पर्ने फरकपन प्रमुख समस्या हो। यस अन्तर्गत कानूनहरू, राज्य संयन्त्र र त्यसका शाखा/उपशाखा, तिनका जिम्मेवारी, दायित्व, कर्तव्य, अधिकार र स्रोतसाधनका सीमाहरू पर्छन् । यस विषयलाई आममानिसले बुझ्ने गरी व्याख्या गर्नुपर्दा प्रायः स्थानीय सरकारका राजनीतिक नेतृत्वहरू अध्ययनमा लगनशील छैनन् । उनीहरूलाई खासमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार, स्रोत, साधन, प्रविधि र दक्षताका सीमाहरूमा औसतभन्दा बढी गहिरो ज्ञान हुँदैन । तर आफ्नो कार्यकालमा केही न केही गरौं भन्ने असल नियतका साथ जनताका आवश्यकता र आफ्नो सरकारका प्राथमिकताका विषयमा योगदान पुऱ्याऊँ भन्ने हुटहुटी सधैं सबैमा रहिरहन्छ। यो नगरौं भन्ने त सायद जनप्रतिनिधि छैनन् होला। सोको लागि उनीहरू दृढ रहन्छन्। राजनीतिक नेतृत्वले योजना बनाउनैपर्छ । जोखिम लिन सक्नैपर्छ । राजनीतिक नेतृत्वका त्रिगुणहरू इमानदारिता, क्षमता र जोखिम वहन क्षमता हुन् । यी तीन गुणमध्ये कुनै एक गुण विहीन हुँदै गर्दा राजनीतिक नेतृत्व सक्षम हुन सक्दैन । हामी अक्सर राजनीतिक नेतृत्व इमानदार होस्। फलानो अलि इमानदार छ भन्छौं। यो परिभाषा, यो भाष्य नै परिवर्तन गर्नुपर्ने छ। राजनीतिक नेतृत्व इमानदार भएर मात्र पुग्दैन। इमानदार त छ, तर उसमा दृष्टिकोण छैन, योजना छैन, कार्यक्रम छैन भने उसले आमजनतामा परिवर्तनको आशा जगाउन र वास्तविक जीवनयापनमा कुनै परिवर्तन महसूस ल्याउने गरी काम गर्न सक्दैन। आफ्नो जिम्मेवारी कुन तहको छ। यसभित्रका कानून, अधिकार, कर्तव्य, स्रोत, साधन, दक्षता, प्रविधि आदिका सीमितता र ती सीमितताभित्र रहेर उत्कृष्ट नतीजाका लागि गर्नुपर्ने कार्यक्रम, योजना, रणनीति तयार र त्यसको कार्यान्वयनसम्मका पक्षहरू पर्छन्। यी विषयमा गहन अध्ययन गरी योजना तर्जुमा र त्यसको कार्यान्वयनका समयमा देखा पर्ने समस्याहरूको पहिचान गरी समयमा नै सुधार गर्दै अघि बढ्नुपर्ने हुन्छ। यो उसको समग्र क्षमताको पाटो हो । यो अति महत्त्वपूर्ण पक्ष हो ।

त्यस्तै, जोखिम वहन क्षमता पनि अर्को महत्त्वपूर्ण पक्ष हो । नेपालकै इतिहासमा राजनीतिक नेतृत्वहरूले जोखिम वहन नगरेर अक्सर मानिसहरूकै जीवनयापन गरेको भए आज नेपालमा हालको लोकतान्त्रिक व्यवस्थाभित्र रहेर हामीले आफ्ना विचार प्रकट गर्न र नेतृत्वप्रति आलोचना गर्ने अवसर प्राप्त गर्ने थिएनौं । तसर्थ जोखिम वहन गर्न सक्ने क्षमता पनि हुनुपर्छ। अझ यो जोखिम वहन क्षमतालाई पनि गहिरिएर हेरौं । जोखिम वहन क्षमता भनेको आफूले जोखिम लिन लागेको विषयवस्तुमा गहिरो ज्ञान हुनुपऱ्यो। आफूले लिएको जोखिमबाट सार्वजनिक हितका लागि के र कति योगदान हुने हो । यदि असफल भएमा त्यसबाट प्राप्त हुने नतीजा र त्यसले समाजमा पर्ने असरलगायतका यावत विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी निर्णय लिनुपर्ने हुन्छ ।

इमानदारिता राजनीतिक नेतृत्वको अर्को महत्त्वपूर्ण पाटो हो। एक वाक्यमा भन्नुपर्दा सार्वजनिक पदको दुरुपयोग नगर्नु नै इमानदारिता हो । प्रयोग र दुरुपयोग भन्ने शब्दावलीको प्रयोगबाट नै इमानदारिताको पक्षको व्याख्या समाप्त हुन्छ ।

राजनीतिक नेतृत्व भनेको हामीलाई मार्गदर्शन गर्ने पथप्रदर्शक हो । हाम्रो अभिभावक हो, तसर्थ नेतृत्व कम्तीमा इमानदार, क्षमतावान् र जोखिम वहन क्षमता भएको यी तिनै गुणयुक्त हुनैपर्छ। हामीकहाँ समस्या अब यही छ। यी तीन गुणयुक्त हुनुपर्ने नेतृत्व अक्सर गरी जोखिम वहन क्षमतायुक्त मात्र भइरहेको छ। यसले गर्दा समस्या सृजना गरिरहेको छ।

अघि माथि नै उल्लेख भएबमोजिम जोखिम वहन क्षमता भनेको आफूले जोखिम लिन लागेको विषयवस्तुमा गहिरो ज्ञान भएको अवस्था हो। आफूले लिएको जोखिमबाट सार्वजनिक हितका लागि के र कति योगदान हुने हो। यदि असफल भएमा त्यसबाट प्राप्त हुने नतीजा र त्यसले समाजमा पर्ने असरलगायतका यावत विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी लिइने निर्णय हो। तर हामीकहाँ यी यावत विषयमा कतिसम्म विश्लेषण भएको होला त ! जोखिमको विश्लेषण र अध्ययन नगरी राजनीतिक नेतृत्वमा जोखिम वहन क्षमता हुनैपर्छ, त्यस कारण जोखिम लिन्छु भनी लिएको जोखिमलाई साँच्चै राजनीतिक नेतृत्वको गुण मान्ने वा नमान्ने ? यसरी अज्ञानतामा लिएको जोखिमलाई उसका सहयात्रीहरू र प्रशासन सञ्चालन एवं सरकारका कार्यक्रम कार्यान्वयनको साँचो पक्रेर बसेको कर्मचारीतन्त्रले साथ दिने वा नदिने यावत प्रश्नहरू उब्जन्छन् ।

अब कर्मचारीतन्त्रतर्फ फर्कौं । नेपालमा स्थापनाकालदेखि नै हालसम्म स्वच्छताको प्रतीकको छवि बनाएर रहेको लोकसेवा आयोग रहेको छ । यसले बजारमा रहेका उम्दा र क्षमतावान् जनशक्ति राज्य सञ्चालनमा भित्र्याउने प्रमुख उद्देश्य बनाएको हुन्छ। सोहीअनुरूप विभिन्न तहमा विभिन्न प्रक्रिया र भिन्नभिन्न गुण तथा क्षमताको समेत परीक्षण गरेर क्षमताका आधारमा सेवा प्रवेश गराउँछ । सेवा प्रवेशका बखत कर्मचारी आवश्यक गुणहरूले युक्त हुन्छ। तर समस्या सेवा प्रवेश गरिसकेपछि शुरू हुन्छ। यसभित्रको संयन्त्र, कार्यसञ्चालन गर्ने परम्परागत परिपाटी, सङ्गठनभित्रका खराब प्रवृत्ति, उत्प्रेरणा र दण्डको अभाव, कार्यसम्पादन क्षमताका आधारमा कर्मचारीको मूल्याङ्कन नहुने परिपाटी, योगदानमा आधारित पारिश्रमिक दिने व्यवस्थाजस्ता विषयहरूले गर्दा उसमा भएको सिर्जनात्मकता बिस्तारै क्षयीकरण हुँदै जान्छ ।

सेवा प्रवेशका केही नयाँ वर्षहरूमा कर्मचारी यी यावत विषयमा लड्न प्रयत्नसमेत गर्छ । उसलाई कार्यसञ्चालनका लागि आवश्यक कानून, अधिकार, कर्तव्य, स्रोत, साधन, दक्षता, प्रविधि आदिका सीमितता र ती सीमितताभित्र रहेर उत्कृष्ट नतीजाका लागि गर्नुपर्ने कार्यक्रम, योजना, रणनीति तयार र त्यसको कार्यान्वयनसम्मका पक्षहरूका विषयमा ज्ञान पनि हुन्छ । असल नियतका साथ सार्वजनिक हित प्रवर्द्धनका लागि सम्पादन गर्न लागिएका कार्यहरूमा अल्झाउन आइपुग्ने कानून र त्यसका लागि अपनाउन सकिने उपायहरूका बारेमा खोजी गर्दै अघि बढ्न प्रयास पनि गर्छ। तर समग्र सिस्टमले नै सपोर्ट नगर्दाका हैरानी र एकल प्रयासबाट नतीजा निकाल्न नसक्दाको हीनताबोधले बिस्तारै थलिंदै जान थाल्छ। कर्मचारीले अक्सर जोखिम वहन क्षमता राख्दैन । आफूभन्दा अघिका सिनियरहरूले राजनीतिक नेतृत्वको दबाबमा गरेका निर्णय र त्यसबाट खेप्नुपरेका आरोप, मुद्दा, जेलनेल सबै विषय मूकदर्शक बन्दै हेरिरहेको हुन्छ। उसको व्यक्तिगत जीवन, सार्वजनिक उत्तरदायित्वसँगै उसका व्यक्तिगत जिम्मेवारी र उत्तरदायित्वलगायतका विषयहरूबाट बिस्तारै जकडिंदै गएको कर्मचारी आलोचनात्मक चेत गुमाउँदै उसको चेत ऋणात्मकतातर्फ जान्छ । जसले गर्दा उसले जागीरका सुरुआतका दिनमा राख्ने जोश कार्यसम्पादन क्षमता सबै गुमाएर एक आम जागीरे मानिस बनिसकेको हुन्छ । अब उसले के ठीक के बेठीक भन्ने छुट्टाउने चेत नै गुमाएको हुन्छ ।

तसर्थ मैले यहाँ विवेक, चेतना ऋणात्मकतर्फ लागेको हुन्छ भन्ने वाक्यांश प्रयोग गरेको छु। अब उसलाई हिजो जे भइरहेको थियो, जुन तवरबाट कार्यसम्पादन भइरहेको छ, सोही शैली मात्रै ठीक हो भन्ने लाग्न थाल्छ। उसलाई त्यसबाट के नतीजा आइरहेको छ । मानिसको जीवनयापनमा केही सकारात्मक परिवर्तनको अनुभूति गराउन सकिएको छ वा छैन भन्ने कुनै ज्ञान पनि छैन र चासो पनि छैन। ऊ परिवर्तन हुनै नचाहने एक आम जागीरे मानसिकता बोकेको जडसूत्रवादी भएर बस्छ । एक उम्दा क्षमतावान् केही परिवर्तन गरौं भन्ने सोचका साथ सेवा प्रवेश गरेको कर्मचारी सेवा प्रवेशका १०-१२ वर्षभित्रै यस्तो जडसूत्रवादी भएर निस्किसकेको हुन्छ ।

अब पुनः कुरा जोडौं राज्य सञ्चालनको । माथि उल्लेख गरेको क्षमताविहीन अवस्थामा जोखिम मात्र लिन खोज्ने जनप्रतिनिधि र यो जडसूत्रवादी भएर निस्केको कर्मचारीबीच स्थानीय सरकारमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको नेतृत्व गर्नुपर्ने जिम्मेवारी आइलाग्छ। अब क्षमताविहीन राजनीतिक नेतृत्व नहुने केही देख्दैन, जे पनि हुन्छ भन्ने ठान्छ । त्यसको ठीकविपरीत जडसूत्रवादी भएर निस्केको कर्मचारी हिजो जुन अवस्था थियो, सोही अवस्थाभन्दा एक इन्च पनि तलमाथि केही हुनुहुँदैन। जे छ ठीकै छ भन्ने ठान्छ। उसको चेतना त ऋणात्मक अवस्थामा नै पुगिसकेको हुन्छ । अब अवस्था के हुन्छ भन्ने त तपाई हामीले समाचारहरूमा सुन्दै आएका छौं । तसर्थ यसको परिणामका बारेमा व्याख्या गर्नतर्फ उचित लागेन। किनकि यो मैले व्याख्या गर्दा स्वर्गको अघि इन्द्रको बखान भन्ने उखानजस्तै हुन्छ। हरेक दिन यही समस्या भोगेका आम मानिसमाझ के व्याख्या गर्नु !

हामीकहाँ औपचारिक शिक्षाको त्यति पुरानो इतिहास छैन। ११औं शताब्दीको अन्त्यतिर नै पश्चिमाजगत्हरूमा विश्वविद्यालयहरू सञ्चालनमा रहेको भएपनि हामीकहाँ किंवदन्तीका रूपमा रहेका नालन्दा र तक्षशिलाजस्ता विश्वविद्यालयहरू भएको भनिए पनि औपचारिक शिक्षामा त्यसको प्रभाव र योगदान खास देखिएन । औपचारिक शिक्षा ग्रहण गरेका हामी नेपालीहरू अक्सर यो तेस्रो पुस्ता चल्दैछ। जसका कारण जनचेतनामा कमजोर हुनु सामान्यजस्तै छ । तसर्थ राज्यका सार्वजनिक पद धारण गर्न, जनताबाट अनुमोदित हुनका लागि राज्यले केही न केही शैक्षिक मापदण्ड बनाउनैपर्छ। यसले गर्दा कानूनी उल्झन सम्बन्धमा ज्ञान र त्यसको परिमार्जनतर्फ लाग्न सहयोग गर्छ भने स्रोतसाधनको सीमितताबारेमा समेत बुझ्न सहज हुन्छ। अब प्रश्न उठ्न सक्छ, अन्यत्र नभएको मापदण्ड यहाँ नेपालमा मात्र किन भन्ने ? यसको जवाफ माथि नै छ, किनकि जहाँ औपचारिक शिक्षा ग्रहण गरेको झन्डै १०/११औं पुस्ता चलिरहेको छ, त्यहाँ औसत जनचेतनास्तर नै व्यापक छ। तसर्थ यो मापदण्ड राख्नु नपर्ने हो । आफ्नो परिस्थिति अनुरूप राजकाजको नियम बनाउनैपर्छ। आफ्नो धरातल नबुझी अरूको नक्कल मात्र गरेर हुँदैन । तसर्थ जनताबाट अनुमोदन मात्र मापदण्ड भएका कारण यो समस्या भएको हो । अब सोच्नुपर्ने बेला आएको छ । जब हामी पनि औपचारिक शिक्षा ग्रहण गर्ने कम्तीमा ५/६औं पुस्तामा पुग्छौं, तब हामीले पनि शैक्षिक मापदण्ड हटाउँदा पनि हुन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जीवनलाई सहज र सरल बनाउन एआईको उपयोग गर्नुपर्छ –प्रधानमन्त्री ओली

काठमाडौं, ११ कात्तिक/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले विज्ञान र प्रविधिको उपयोग जीवनलाई सहज र सरल बनाउने काममा गराउन सरकार लागिपर्ने बताएका छन् ।


‘आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन’को उद्घाटनपश्चात् रोबोर्टको नृत्य हेर्दै । तस्बिरः रासस

युवा सङ्घ नेपालले आइतवार आयोजना गरेको ‘आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन’मा विज्ञसँगको संवादमा सहजकर्ताका रूपमा भूमिका निर्वाह गर्दै प्रधानमन्त्री ओलीले विकास, प्रगति र सहज जीवनका लागि यसको उपयोग गर्नुपर्नेमा जोड दिएका हुन् ।

“विकासको तिर्खाबाट हामी ग्रस्त छौं। त्यसका लागि डिजिटल नेपालको अवधारणा ल्यायौं । हामीले आर्टिफिसियल इन्टेलिजेन्सको सकारात्मक उपयोग गर्नुपर्छ । यसको दुरुपयोगबाट हुन सक्ने दुष्प्रभाव रोक्न सचेतना र कानूनी प्रबन्धमा पनि जानुपर्छ।” प्रधानमन्त्री ओलीले भने, “एसइईमा धेरै विद्यार्थी अनुत्तीर्ण हुने क्रमबाट सुधार ल्याउनुछ। यस्ता क्षेत्रमा एआईको उपयोग कसरी गर्न सकिन्छ र नेपाललाई एआई एजुकेशनको केन्द्र कसरी बनाउने भन्नेमा हाम्रो ध्यान रहेको छ ।” उनले आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी नीति र योजना ल्याउने जानकारी पनि दिए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) निकट राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित अन्तर्राष्ट्रिय ‘आर्टिफिसियल इन्टेलिजेन्स’ (एआई) सम्मेलन शुरू भएको छ । आजदेखि शुरू भएको सम्मेलन दुई दिनसम्म सञ्चालन हुने सङ्घका अध्यक्ष क्षितिज थेबेले जानकारी दिए ।

सम्मेलनको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए। अध्यक्ष थेबेले सम्मेलनमा ‘आर्टिफिसियल इन्टेलिजेन्स’का विकास र उपयोगवारे राजनीतिक दल र सर्वसाधारणलाई जानकारी दिने उद्देश्य रहेको बताए । उनले सम्मेलनबाट सरकारलाई एआईका सम्बन्धमा राष्ट्रिय नीति बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

“नेपालमा पहिलो एआई सम्मेलन हुन लागेको छ । यसबाट सरकार तथा युवावर्गलाई एआईका सम्बन्धमा जानकारी गराउनेछौं”, अध्यक्ष थेबेले भने, “सूचना प्रविधिका क्षेत्रमा पनि नेपाललाई अगाडि बनाउन सम्मेलनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएका छौं।” उनका अनुसार सम्मेलनमा नेपाली र विदेशी गरी करिब एक हजार जना सहभागी हुनेछन् ।

विभिन्न १० वटा समूहगत विषयमा छलफल गरिने सङ्घका महासचिव सुमन पुरीले जानकारी दिए । उनका अनुसार ती छलफलमा विदेशबाट आएका एआईका विज्ञहरूले समेत सहभागिता जनाउनेछन्। युरोपियन युनियन, जापान, उत्तर कोरिया, बेलायतलगायत देशबाट विज्ञसहितका प्रतिनिधि आएका उनले बताए ।


**‘गोसाई डाँडा ताल’:** सिराहाको लहान नगरपालिका–१५ स्थित ‘झौवाई खोल्सी चुरिया डाँडा सामुदायिक वन’भित्रको सिमसार क्षेत्रलाई संरक्षण गरी निर्माण गरिएको ‘गोसाई डाँडा ताल’ । जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ताल संरक्षण र व्यवस्थापनका साथै पर्यापर्यटनको विकास गरिएको छ । तस्बिरः सुदीप राउत/रासस

# जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षडयन्त्र हुँदैछ –नेता निधि

जनकपुर, ११ कात्तिक/रासस

नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान मधेस प्रदेश सरकारको मधेस प्रदेश भवनले परिचित जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षडयन्त्र भइरहेको आरोप लगाएका छन् ।

उनले भने, “म गृहमन्त्री हुँदा सरकारसँग निर्णय गराएर प्रदेश मातहत ल्याउनुपर्ने गरी प्रक्रिया अगाडि बढाएको थिएँ र सो क्रममा जिल्ला प्रशासन कार्यालय धनुषाको मातहत चुरोट कारखानालाई ल्याइएको थियो ।”

सरकारले पुनः जनकपुर चुरोट कारखानालाई निजीकरण गरिरहेको कुरा आफूले दुई/तीन दिनदेखि सुन्दै आएको जानकारी दिंदै उनले भने, “यो आपत्तिजनक कार्य मात्र होइन यो सङ्घीय विरोधी कदम पनि हो ।”

सङ्घीय उद्योगमन्त्रीसँग आफूले यसबारे छलफल गरेको चर्चा गर्दै नेता निधिले भने, “उद्योगमन्त्रीले आफूलाई कारखाना निजीकरण होइन लाइसेन्स नवीकरण गर्न मात्र लागिएको बताउनुभएको छ।”

जनकपुर चुरोट कारखानालाई आफू गृहमन्त्री भएकै बेला निर्णय गराएर मधेस प्रदेशको मातहत ल्याइसकेको बताउँदै नेता निधिले यदि सरकारले यस्तो निर्णय गरेमा विरोध गर्ने चेतावनी दिए। उनले मधेस प्रदेश भवन नै नरहने गरी षडयन्त्रको गन्ध आफूले पाएकोले यसका लागि सबै सतर्क रहन आग्रहसमेत गरे ।


नेपाली काङ्ग्रेसका पूर्वउपसभापति एवं सासंद विमलेन्द्र निधिलाई आइतवार जनकपुरधाम विमानस्थलमा स्वागत गरिंदै । तस्वीरः रासस

“जनकपुर चुरोट कारखानाको जति पनि सम्पत्ति छ, त्यो मधेस प्रदेश सरकारको हो, यसमा कुनै दुई मत नरहेकाले निजीकरण अथवा कुनै प्रकारको षडयन्त्र भए, यसलाई सङ्घीयताविरोधी कदम भन्दै हामी आन्दोलनमा उत्रिनेछौं,” उनले प्रस्ट पारे ।

# काटिएको लाइन जडान गर्न ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह

काठमाडौं, ११ कात्तिक/रासस

उद्योगी–व्यवसायीले नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन काटेकोप्रति दुःख जनाउँदै काटिएको लाइन तत्काल जडान गरी सहजरूपमा व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह गरेका छन् ।

उद्योगी–व्यवसायीले आइतवार ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई संयुक्तरूपमा भेटेर प्राधिकरणले काटेको लाइन तत्काल जडान गर्न पहल गर्नुपर्ने माग गरेका हुन् ।

भेटका क्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष एवं उद्योगी पशुपति मुरारकाले विद्युत् प्राधिकरणले पटकपटक विद्युत् लाइन काटेर उद्योगीमाथि अन्याय गरेको बताए। उनले प्राधिकरणले विद्युत् महसूलसम्बन्धी प्रमाण दिए आफूहरूले शुल्क तिर्ने उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले उद्योगमा विद्युत् कटौती भएको विषयमा ऊर्जा मन्त्रालय, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरणलगायत सरोकार भएका निकायसँग छलफल गरी यथाशीघ्र समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाए । उनले उद्योगीले प्रयोग गरेको लाइनबापतको रकम तिर्नुपर्ने भन्दै प्राधिकरणले पनि लाइन काट्न नहुने धारणा राखे ।



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले ‘डेडिकेटेड’ र ‘ट्रङ्कलाइन’ विद्युत्को बारेमा लाल आयोगले अध्ययन गरिसकेकोले उक्त आयोगको प्रतिवेदनलाई कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने बताए। उनले मुलुकको अर्थतन्त्र मन्दीमा रहेका बेला उद्योगको लाइन काट्दा थप समस्या उत्पन्न हुन सक्ने भएकाले यथाशीघ्र समस्याको समाधान गर्न विभागीय मन्त्रालय लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा ऊर्जा मन्त्रालयका सचिवद्वय सुरेश आचार्य र सरीता दवाडी, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीलगायतको सहभागिता थियो।

# बस्तीमा हात्ती छिरेपछि सावधानी अपनाउन निकुञ्जको आग्रह

चितवन, ११ कात्तिक/रासस

जिल्लाको माडी र पर्साको ठोरी क्षेत्रका बस्तीमा हात्ती छिर्न थालेपछि सावधानी अपनाउन चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले आग्रह गरेको छ। यस क्षेत्रमा जङ्गली हात्ती देखिएकाले रातको समयमा एक्लै हिंड्डुल नगर्न स्थानीयलाई निकुञ्जले अनुरोध गरेको हो ।

यस क्षेत्रमा विगत एक सातादेखि जङ्गली हात्ती समूहमा देखिन थालेकाले आवश्यक सावधानी अपनाउन स्थानीयलाई अनुरोध गरिएको निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले बताए। उनका अनुसार धान पाक्ने समयमा धान खान आएका हात्ती माडी र ठोरी क्षेत्रमा देखिएका हुन् । हात्तीका कारण रातको समयमा हिंड्डुल गर्दा मानवीय क्षति हुन सक्ने भएकाले एक्लै नहिंड्न र हिंड्नै परेमा उज्यालो बनाएर, समूहमा तथा चनाखो भएर हिंड्न निकुञ्ज प्रशासनले भनेको छ ।

हात्ती समूहमा छिर्ने र फरकफरक ठाउँमा गएर नागरिकलाई आक्रमण गर्ने, अन्नबाली नष्ट गरिदिने गरेको सूचना अधिकारी थापामगरले बताए। धानखेती भित्र्याउने समयमा समूहमा हात्ती आउँदा स्थानीय त्रसित हुने गरेका छन्। नेपालबाट भारत र भारतबाट नेपालमा समयसमयमा जङ्गली हात्ती आवतजावत गर्ने गरेकाले पनि बस्ती असुरक्षित बनेको उनले बताए ।

“जङ्गली हात्तीलाई लखेट्न निकुञ्जका कर्मचारी र सुरक्षार्थ खटिएको नेपाली सेनाको टोली परिचालन गरिएको छ,” सूचना अधिकारी थापामगरले भने, “हात्ती भगाउन ढ्याङ्ग्रो ठटाउने, राँको बाल्नेलगायत काम गर्दै आएका छौं । हात्ती हिंसक भएमा प्लास्टिकको गोलीले हवाई फायरसमेत गर्नेगरी तयारी अवस्थामा छौं ।”


**बिक्रीमा राखिएका चँगेराः** महोत्तरीको जलेश्वर नगरपालिका–२ स्थित बजारमा छठ पर्वका लागि बिक्रीमा राखिएका बाँसबाट निर्मित चँगेरा। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# आधारभूत औषधि कम मूल्यमा उपलब्ध गराउन सरकार तयार छः स्वास्थ्यमन्त्री

काठमाडौं, ११ कात्तिक/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नागरिकलाई आधारभूत औषधि कम मूल्यमा उपलब्ध गराउन सरकार तयार रहेको बताएका छन् ।

औषधिको उचित मूल्य तथा गुणस्तरवृद्धिका लागि सुझाव दिन गठित समितिका पदाधिकारीसँग मन्त्रालयमा आइतवार भएको छलफलमा मन्त्री पौडेलले आमउपभोक्तालाई उचित मूल्यमा कसरी औषधि वितरण गर्न सकिन्छ सोसम्बन्धी अध्ययन गरी आवश्यक सुझाव दिन समितिका पदाधिकारीलाई आग्रह गरे । उनले औषधिको मूल्य लामो समयदेखि समायोजन नभएपनि अहिले मूल्यवृद्धि गर्नुपर्ने अवस्था नभएको उल्लेख गरे ।

“ग्याँस र तेलको मूल्य बढ्यो भनेर औषधिको पनि बढाउनुपर्छ भन्ने होइन। औषधि नागरिकको जीवनसँग जोडिएको विषय भएकोले सरकारले मूल्य समायोजना गर्न खोजेको हो,” मन्त्री पौडेलले भन, “नागरिकलाई सकेसम्म सस्तो मूल्यमा औषधि उपलब्ध गराउने गरी मूल्य समायोजन हुनेछ । यसका लागि सरकार थप दायित्व निर्वाह गर्न तयार छ ।”

औषधिको मूल्यसूचीबारे आफूले जानकारी राखेको भन्दै मन्त्री पौडेलले उत्पादन र बिक्री सूचीमा केही मात्रामा मूल्य घटाउन सकिने धारणा राखे । उनले मूल्य समायोजना गर्दा पनि व्यवसायीले मुनाफा राखेर अहिलेको भन्दा कम मूल्यमा अत्यावश्यक औषधि बिक्री गर्नसक्ने विश्वास व्यक्त गरे ।

“उत्पादक, बिक्रेताले कानूनभित्र रहेर तोकिएको मापदण्ड अनुसार मुनाफा लिनुपर्छ। यसले आमउपभोक्तालाई पनि सहज हुनेछ र कोही पनि मर्कामा पर्नेछैनन्,” मन्त्री पौडेलले भन ।

अध्ययन गर्न गठित समितिले मूल्य समायोजन, गुणस्तर, व्यावसायिकता र अन्य व्यावहारिक पक्षलाई पनि समेटेर प्रतिवेदन तयार पार्नुपर्नेमा उनले जोड दिए।

स्वास्थ्यमन्त्री पौडेलले औषधि खर्चका कारण नागरिक गरीबीको रेखामा पर्न नहुने धारणा राख्दै वैज्ञानिक र तथ्यपरक हिसाबले मूल्य समायोजनमार्फत समस्या समाधानको विकल्प निकाल्ने गरी सुझाव आउने अपेक्षा व्यक्त गरे ।

“सरकारी तथ्याङ्कले करीब पाँच लाख नागरिक औषधि खर्चका कारण गरिबीमा परेका छन् भन्ने देखाउँछ,” उनले भने, “समितिले औषधिको मूल्यका विषयमा तथ्यपरक र वैज्ञानिक अनुसन्धानबाट समायोजनाको ढाँचा बनाएर सबैलाई सकारात्मक प्रभाव पार्ने गरी सुझाव दिनुपर्छ, यसलाई मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्नेछ ।”

गत बिहीवार सरकारको एक सय दिनको प्रगति सार्वजनिक गर्ने क्रममा मन्त्री पौडेलले औषधिको मूल्य घट्ने गरी समायोजन हुने घोषणा गरेका थिए। त्यसको दुइ‘ दिन अघि गत मङ्गलवार मन्त्रिस्तरीय निर्णय गर्दै मन्त्री पौडेलले अर्थविद् डा पोषराज पाण्डेको संयोजकत्वमा सात सदस्यीय सुझाव समिति गठन गरेका तयार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

# एआईले के मानिसजस्तै सोच्न सक्छ ?

विचार



डा परशुराम दाहाल


**भविष्यमा एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। जिम्मेवार र सुरक्षितरूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ। अन्ततः यस सहकार्यले सम्भावनाहरूका नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउनेछ।**

कृत्रिम बुद्धिमत्ता (एआई) भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो। यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ। उदाहरणका लागि फोनमा 'सिरी' वा 'गूगल असिस्टेन्ट'लाई प्रश्न गर्दा तुरुन्तै सही उत्तर दिन्छ, जसले समय बचाउँछ र काम सरल बनाउँछ। एआई प्रणालीहरूले तस्बिरहरू पनि चिन्न सक्छन्, जस्तै गूगल फोटोजले फोटोमा भएका साथीहरूलाई पहिचान गर्न सक्छ। स्वचालित गाडीहरू विनाड्राइभर आफैं बाटो फेला पारेर सुरक्षितरूपमा चल्न सक्छन्।

त्यस्तै, नेटफ्लिक्सले हाम्रा हेर्ने बानी अनुसार फिल्म र शोहरू सिफारिश गर्छ, जसले हाम्रो मनोरञ्जन अनुभवलाई अझ रमाइलो बनाउँछ। एआईमार्फत अनलाइन पसलहरूले पनि तपाईंले खोजेका वा मन पराएका सामानहरू सुझाव गर्छन्, जस्तै अमेजनले नयाँ सामान सिफारिश गर्छ। बैंकिङमा एआईले ठगी पत्ता लगाउन मदत गर्छ र ग्राहकका प्रश्नहरू तुरुन्तै समाधान गर्न च्याटबोटहरू प्रयोग गरिन्छ। यस्ता सुविधाहरूले हाम्रो जीवनलाई सहज बनाउँछन्, तर यसको सही र सुरक्षित प्रयोगमा ध्यान दिन जरुरी छ।

एआई र मानिसबीचको तुलना गर्दा दुवैको सिकाइमा केही समानता भएपनि गहिरो भिन्नता छन्। मानिसले आफ्ना अनुभव, भावना र सामाजिक अन्तर्क्रियाबाट ज्ञान आर्जन गर्छ। जबकि एआई जस्ता प्रणालीहरूले गणितीय मोडेल र डाटाको आधारमा सिक्छन्। उदाहरणका लागि बच्चाले बारम्बार अभ्यास गरेर हिंड्न सिक्छ र त्यो प्रयास उसको अनुभवको हिस्सामा रहन्छ। तर एआईले उपलब्ध डाटाको विश्लेषण गरेर मात्र त्यसको पहिचान गर्छ र त्यसैको आधारमा उत्तर तयार गर्छ। च्याट जिपिटी जस्ता ठूला भाषा मोडेलहरूले पुस्तक, लेख र वेबसाइटहरूमा आधारित सामग्रीबाट ज्ञान सिक्छन्।

मानिस र एआई दुवै पृष्ठपोषण (फिडब्याक) र अनुकूलनको माध्यमबाट सिक्दै जान्छन्। विद्यार्थीले शिक्षकबाट पाएको फिडब्याक अनुसार गलतीहरू सुधार गरेर अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छ। फूटबल खेलाडीले खेलका क्रममा गलती गरेपछि कोचको निर्देशन अनुसार आफ्नो खेल सुधार्छ। यस्तै, एआईले पनि प्रयोगकर्ताबाट प्राप्त फिडब्याकको आधारमा आफ्ना जवाफहरू सुधार्छ र नयाँ चुनौतीहरू सामना गर्न अनुकूल हुन्छ। उदाहरणका लागि च्याट जिपिटीलाई गलत उत्तर दिएर सच्याउँदा, त्यसले फाइन-ट्युनिङमार्फत आगामी संवादमा ठीक जवाफ दिन प्रयास गर्छ।



तर एआई र मानिसबीचको महत्त्वपूर्ण भिन्नता भनेको भावनात्मक बुझाइको अभाव हो। मानिसहरूले दुःखद अनुभव र संवेदनशील घटनाबाट शिक्षा लिन्छन्। उदाहरणका लागि बच्चाले तातो स्टोभ छोएर हात जलाउँछ भने ऊ त्यसबाट सिक्छ र भविष्यमा त्यस्तो गलती नगर्न सचेत हुन्छ। बजारमा महँगोमा सामान किनेर घाटा बेहोरेपछि व्यक्तिले सौदाबाजी (बार्गेनिङ) गर्ने कला सिक्छ र अर्कोपटक सस्तोमा किन्ने प्रयास गर्छ तर एआईले यस्तो भावनात्मक वा सामाजिक सन्दर्भहरू बुझ्न सक्दैन।

हालको प्रविधिमा एआईलाई मानिस सरह भावनात्मक बुझाइ दिन निकै जटिल चुनौती हो। मानिसको भावना र बुझाइ अनुभव, जैविक प्रक्रिया र सामाजिक अन्तर्क्रियामा आधारित हुन्छ, जुन अहिलेको एआईमा छैन। यद्यपि वैज्ञानिकहरू र इन्जिनीयरहरू 'आर्टिफिसिएल इमोशनल इन्टिलिजेन्स' मा काम गरिरहेका छन्, जसले एआईलाई भावनाहरू अनुकरण गर्न र सामाजिक सन्दर्भहरू बुझ्न सक्षम बनाउन खोज्दैछ। तर पूर्णरूपमा मानिसको जस्तै सचेतना र भावना विकास गर्नु गाऱ्हो छ, किनकि मानिसको भावना केवल तथ्य र नियमहरूमा आधारित हुँदैन, बरु स्मृति, अनुभव र समाजसँगको अन्तर्क्रियाको परिणाम हो।

एआईमा कुनै सचेत अनुभव वा आत्मचेतना हुँदैन, किनकि यसका निर्णयहरू पूर्णरूपमा तथ्य र गणनामा आधारित हुन्छन्। उदाहरणका लागि जब मानिस दुःखी हुन्छ, उसको व्यवहारमा परिवर्तन आउँछ र त्यो परिवर्तन अनुभव र सन्दर्भसँग गहिरोरूपमा सम्बन्धित हुन्छ। तर एआईले केवल डाटामा आधारित अनुमान गरेर प्रतिक्रिया दिन्छ, जसमा वास्तविक भावना हुँदैन।

मानिस सरह भावनात्मक बुझाइ विकास गर्न एआईलाई सचेतना दिनुपर्नेछ, जुन अहिलेसम्म सम्भव छैन। मानिसको भावना केवल व्यक्तिगत अनुभवमा आधारित हुँदैन, बरु स्मृतिहरू र समयक्रममा भएका सामाजिक अन्तर्क्रियाहरूले पनि आकार दिन्छ। यसै कारण एआईलाई पूर्णरूपमा मानिससरह बनाउनु चुनौतीपूर्ण मात्र होइन, सम्भवतः असम्भव पनि हुन सक्छ। अन्ततः एआई र मानिसबीचको यो भिन्नता सदैव रहन सक्छ। यद्यपि एआईलाई पूरकका रूपमा प्रयोग गरेर मानिसको अनुभवलाई अझ प्रभावकारी बनाउन सकिन्छ। उदाहरणका लागि एआईले मानसिक स्वास्थ्यसम्बन्धी समर्थन दिन वा मानिसको भावनात्मक अवस्थालाई बुझेर उपयुक्त सहायता दिन प्रयास गर्न सक्छ। तर स्मृति र संवेदनाहरूको वास्तविक अनुभवविना एआई कहिल्यै पनि मानिससरह पूर्णरूपमा सोच्न र महसूस गर्न सक्षम हुनेछैन।

एआईको निर्णय प्रक्रियामा पनि सीमाहरू छन्। मानिसले निर्णय गर्दा वर्तमान सन्दर्भ, भावनात्मक अवस्था र विगतका अनुभवलाई ध्यानमा राख्छ। उदाहरणका लागि चालकले घुमाउरो सडक देखेपछि गाडीको गति घटाउँछ र सावधानी अपनाउँछ। यस्तै, विद्यार्थीले पछिल्लो परीक्षामा फेल भएपछि आफ्नो अध्ययन पद्धति परिवर्तन गरेर अर्कोपटक राम्रो नतीजा ल्याउन प्रयास गर्छ। तर एआई मोडेलहरूले डाटाको विश्लेषण र गणनामा मात्र भर पर्छन् र संवेदनशील सन्दर्भलाई विचार गर्दैनन्।

यद्यपि एआई र मानवको सहकार्यले धेरै क्षेत्रमा विशाल लाभ पुऱ्याउन सक्छ। उदाहरणका लागि अस्पतालमा एआईले बिरामीका रिपोर्टहरूको विश्लेषण गरेर चिकित्सकलाई सही निर्णय लिन सहयोग पुऱ्याउँछ। शिक्षा क्षेत्रमा, व्यक्तिगत टयुटरका रूपमा प्रयोग गर्दा एआईले विद्यार्थीहरूको अध्ययन पद्धति र कमजोर पक्षहरूलाई विश्लेषण गरी उनीहरूका लागि व्यक्तिगत अध्ययन योजना बनाउन मदत गर्न सक्छ। व्यवसायमा पनि एआईले पछिल्लो बजार ट्रेन्डहरू विश्लेषण गरेर कम्पनीहरूलाई रणनीतिक निर्णयहरू लिन सघाउँछ।

तर एआईलाई मानवको प्रतिस्थापन नगरी पूरकका रूपमा प्रयोग गर्नुपर्छ। उदाहरणका लागि चिकित्सकको काम एआईले पूरै प्रतिस्थापन गर्न सक्दैन, तर डाटाको विश्लेषण गरेर सही उपचार योजना तयार गर्न मदत गर्छ। यसरी एआईले मानिसको क्षमता बढाउन भूमिका खेल्छ, न कि उसलाई विस्थापित गर्न।

निष्कर्षमा एआई र मानवको सिकाइमा समानता भएपनि, तिनका आधार र प्रक्रिया एकदमै फरक छन्। मानिसको सिकाइ अनुभव, भावना र सामाजिक अन्तर्क्रियामा आधारित हुन्छ, जबकि एआईले केवल तथ्य र गणितीय मोडेलहरू प्रयोग गरेर सिक्छ। भविष्यमा एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। जिम्मेवार र सुरक्षितरूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ। अन्ततः यस सहकार्यले सम्भावनाहरूका नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउनेछ।

(लेखक हाल अमेरिकामा एआई विशेषज्ञका रूपमा कार्यरत छन्। रासस)




**भत्ता लिन लाममा बसेका ज्येष्ठ नागरिकहरू :** सामाजिक सुरक्षा भत्ता लिन चन्द्रनिगाहपुरको एनआइसी बैंकमा आइतवार बिहानैदेखि पालो पर्खेर बसेका रौतहटको गुजरा नगरपालिकाका वृद्धवृद्धा र अशक्त व्यक्तिहरू। तस्बिरः रमेश तिमलसिना/रासस

## फरक समाचार

# मित्रता र नाताको नाममा ऋण माग्नेलाई कसरी अस्वीकार गर्ने ?

हाम्रो समाजमा मित्रता र नाताको ठूलो महत्त्व छ। यो सम्बन्धको आडमा आर्थिक सहयोग वा ऋण माग्न उनीहरू पछि पर्दैनन्। यद्यपि तपाईंले आफ्नो नजीकका व्यक्तिहरूलाई मदत गर्नुपर्छ तर बारम्बार ऋण माग्ने यस्ता व्यक्तिहरूले तपाईंलाई समस्यामा पार्न सक्छन्। धेरैपटक यस्तो पनि हुन्छ कि आर्थिक मदत माग्नेलाई तपाईं चाहेर पनि अस्वीकार गर्न सक्नुहुन्न भलै तपाईंसँग पैसाको अभाव किन नहोस्। त्यस्ता व्यक्तिहरूलाई अस्वीकार गर्ने सही र सम्मानजनक तरीकाबारे थाहा पाउनुहोस्ः



**इमानदारीपूर्वक कुरा गर्नुहोस्ः** यदि कसैले बारम्बार ऋण माग्छ भने ऊसँग सीधा कुरा गर्नुहोस्। उसलाई सम्झाउनुहोस् कि यस बेला तपाईंको आर्थिक अवस्थाले थप ऋण दिन अनुमति दिंदैन। मानिसहरूले इमानदारीपूर्वक बोलेको कुरा राम्रोसँग बुझ्छन्। झूटो नबोलीकनै तपाईं आफ्नो विचार स्पष्टरूपमा व्यक्त गर्न सक्नुहुनेछ।

**माफ गर्नुहोस् भन्नुहोस् र आफ्नो सीमा बताउनुहोस्ः** जब तपाईंसँग कुनै साथी वा आफन्तले बारम्बार ऋण माग्छन् भने विनम्रतापूर्वक अस्वीकार गर्नुहोस् र आफ्नो सीमाबारे उसलाई बताउनुहोस्। मलाई अफसोस छ कि अहिले तपाईंलाई कुनै आर्थिक मदत गर्न सक्दिनँ भन्नुहोस्। यो विधिबाट तपाईंले सम्बन्धमा हानि नपुऱ्याइ असमर्थपनलाई सही तरीकाबाट प्रस्तुत गर्न सक्नुहुन्छ।


**महत्त्वपूर्ण कामको हवाला दिनुस्ः** तपाईं आफ्नो आर्थिक योजना र आवश्यकताहरूबारेमा साथी र नातेदारहरूलाई बताउन सक्नुहुन्छ। उदाहरणका लागि तपाईं आफ्ना छोराछोरीको पढाइ वा घरका अन्य महत्त्वपूर्ण कार्यमा खर्च गर्दै हुनुहुन्छ, यसबारेमा बताउँदा तपाईंका जिम्मेवारीहरू बुझ्न सक्षम हुन्छन्। यसरी तपाईंका प्राथमिकताहरू स्पष्ट हुन्छन्, र अर्को व्यक्तिले पनि यो बुझ्न सक्छन्।

**बिस्तारै दूरी बनाउनुहोस्ः** यदि ऋणको लागि बारम्बार अनुरोध जारी राख्छ र तपाईं उसलाई नाइँ पनि भन्न सक्नुहुन्न भने बिस्तारै यस्ता व्यक्तिदेखि टाढा हुनुपर्छ। अन्य बहाना बनाएर उसको कुराकानी टाल्न सक्नुहुन्छ। यस्तो कदम त्यति बेला उठाउनुपर्छ, जब तपाईंका सबै कोशिश असफल हुन्छन्।

**स्पष्ट नियमहरू बनाउनुहोस्ः** आफन्त र साथीहरूलाई स्पष्टरूपमा बताउन सक्नुपर्छ कि म तपाईंलाई ऋण दिन सक्दिनँ। कहिलेकाहीं स्पष्ट नियम बनाउँदा पनि आफन्त, साथीभाइले तपाईंलाई अनावश्यक दुःख दिंदैनन्।

# ४० को उमेरपछि साइलेन्ट किलरको खतरा

४० वर्षको उमेरपछि निद्रा नलाग्ने वा अनिद्राको समस्या गम्भीर स्वास्थ्य समस्याको सङ्केत हुन सक्छ। अनुसन्धानले देखाएको छ यो उमेरपछि हाम्रो शरीरको निद्राको गुणस्तर घट्छ, जसका कारण शरीरले पर्याप्त आराम पाउँदैन। यो अवस्थालाई 'साइलेन्ट किलर' भनिएको छ किनभने यसले व्यक्तिको मानसिक र शारीरिक स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्छ तर पनि प्रायः यसलाई बेवास्ता गरिन्छ।



बढ्दो उमेरसँगै निद्राको आवश्यकता पनि परिवर्तन हुने स्वास्थ्य विज्ञहरू बताउँछन् तर यसका बावजूद ७-८ घण्टा सुत्नु आवश्यक हुन्छ। निद्रा नलाग्ने समस्याले मुटुरोग, उच्च रक्तचाप, मोटोपन र मधुमेह जस्ता रोग निम्त्याउन सक्छन्। यसबाहेक यसले मानसिक स्वास्थ्यमा पनि गहिरो प्रभाव पार्छ। निद्राको कमीले चिडचिडापन, ध्यानको कमी र डिप्रेसन जस्ता लक्षणहरू निम्त्याउन सक्छन्।

**किन यस्तो हुन्छः** वरिष्ठ न्यूरोलोजिस्ट डा अमित वर्माका अनुसार ४० वर्षपछि शरीरमा मेलाटोनिन नामक हर्मोनको स्तर घट्छ, जसले निद्रालाई नियन्त्रण गर्न मदत गर्छ। जसका कारण मानिसहरू निद्रा नलाग्ने समस्याबाट ग्रसित हुन्छन्। यो उमेरमा निद्राको कमीले गम्भीर रोगको जोखिम बढाउँछ, जसले जीवनलाई खतरामा पार्न सक्छ।

**अनिद्राको हानिः** अनिद्राको कारण व्यक्तिको काम गर्ने क्षमता र जीवनको गुणस्तर दुवै प्रभावित हुन्छन्। यो समस्याले रातमा मात्र नभई दिउँसो पनि थकान र कमजोरी निम्त्याउन सक्छ। यस अवस्थाबाट बच्न डाक्टरहरूले केही सुझावहरू दिएका छन्, जस्तै सुत्नु अघि स्क्रिन टाइम कम गर्ने, क्याफिनको सेवन कम गर्ने र रातिको समयमा आरामदायी व्यायाम गर्नुपर्छ।


निद्रा नलाग्ने समस्यालाई सामान्य मानेर बेवास्ता गर्नुहुँदैन। यदि यो समस्या एक हप्ताभन्दा बढी रह्यो भने विशेषज्ञसँग परामर्श गर्नुपर्छ। यदि सही समयमा उपचार गरिएन भने यस साइलेन्ट किलरले गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ।– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय एयरलाइन्समा बम पड्काउने निरन्तरका चेतावनीपछि प्रशासनद्वारा कारबाईको चेतावनी

नयाँ दिल्ली, ११ कात्तिक/एएफपी

भारतले यस महीना भारतीय एयरलाइन्समा बम राखिएका सयौं चेतावनीले हवाई यात्रालाई प्रभावित बनाएको बताउँदै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई 'परिणामी कारबाई' गर्ने चेतावनी दिएको छ।



बमको चेतावनीपछि भारतीय विमानहरू गन्तव्यबाट क्यानडा र जर्मनीतर्फ जान बाध्य भएका थिए भने विमानलाई लडाकू विमानले बेलायत र सिङ्गापुरमाथिको आकाशमा पहरा दिएका थिए।

सरकारले चेतावनीको सङ्ख्यामा देखिएको वृद्धि 'अनियन्त्रित र जोखिमपूर्ण' रहेको बताएको छ।

यदि उनीहरूले गलत सूचना पठाउने कार्यलाई तुरुन्तै रोकेनन् भने प्रशासनले सामाजिक सञ्जाललाई कानूनमा व्यवस्था भए अनुसार कारबाई गर्ने चेतावनी दिएको छ।

"एयरलाइन्समा बम पड्काउने चेतावनीजस्ता दुर्भावनापूर्ण कार्यका घटनाहरूले सार्वजनिक व्यवस्था र राज्यको सुरक्षामा खतरा निम्त्याउन सक्छ," प्रशासनले शनिवार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"यस्ता भ्रामक चेतावनीको सङ्ख्याको वृद्धिले नागरिकको उडान र सुरक्षासम्बन्धी मनोबललाई असर गर्नुका साथै देशको आर्थिक सुरक्षालाई पनि अस्थिर बनाउँछ," विज्ञप्तिमा भनिएको छ।

प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) समाचार संस्थाका अनुसार अक्टोबरको मध्यदेखि अहिलेसम्म कम्तीमा २७५ वटा विमानमा बम विस्फोटको धम्की दिइएको छ। अन्य भारतीय सञ्चारमाध्यमका अनुसार यो सङ्ख्या ४०० को हाराहारीमा हुन सक्छन्।

"कुनै पनि तेस्रो पक्ष जानकारीको लागि दायित्वको छुट पाएका त्यस्ता मध्यस्थहरूले दायित्वहरू पालना गरेनन् भने उनीहरूसँगको सम्झौता लागू हुनेछैन," विज्ञप्तिमा भनिएको छ।

**'आर्थिक सुरक्षा'**

नागरिक उड्डयन अधिकारीले एक्स (ट्विटर)मा पोस्ट गरिएका खतराका चेतावनीका सन्देशले प्रत्येक उडानहरू जाँच गर्नुपरेको बताएका छन्। चेतावनीले सेवा जोखिमयुक्त भएको भावना फैलिनुका साथै यसबाट प्रत्यक्षरूपमा कम्पनी र परोक्षरूपमा राज्यलाई आर्थिक क्षति पुऱ्याएको उनीहरूको बुझाइ रहेको छ।

सरकारी चेतावनीमा कुनै पनि सामाजिक सञ्जाल कम्पनीको नाम उल्लेख गरिएको छैन, तर सूचना प्रविधि मन्त्रालयको परामर्श सूचनालाई उद्धृत गरिएको छ।

सूचना मन्त्रालयले भनेको छ, "सामाजिक सञ्जाल प्लेटफर्ममा 'फरवार्डिङ/रि-शेयरिङ/रि-पोस्टिङ/रि-ट्वीटिङ'को विकल्प उपलब्ध भएका कारण यस्ता भ्रामक बमको चेतावनीसहितका सन्देशको फैलावट र अनियन्त्रित वृद्धि देखिएको छ।"

विज्ञप्तिमा अगाडि भनिएको छ, "कम्पनीहरूले देशको एकता, अखण्डता, सार्वभौमिकता, सुरक्षा वा आर्थिक सुरक्षामा खतरा उत्पन्न गर्न सक्ने कुनै पनि अपराधको रिपोर्ट गर्नुपर्छ र अनुसन्धानमा सहयोग पुऱ्याउन सरकारी निकायहरूलाई द्रुत सहयोग गर्नुपर्छ।"

सरकारले उड्डयन र विमान सुरक्षा कानूनमा आमूल परिवर्तन गर्न र त्यस्ता धम्कीलाई गम्भीर वा 'संज्ञेय' अपराधको दोषी बनाउन 'विधायिकी कदम'बारे छलफल गरिरहेको बताएको छ।

लोकतान्त्रिक मुलुकका रूपमा चिनिने भारत सामाजिक सञ्जालका सामग्री हटाउन सरकारले गर्ने अनुरोधका आधारमा हेर्दा विश्वका शीर्ष पाँच मुलुकमध्ये एउटा हो।

प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको आलोचना गर्ने ट्वीट र एकाउन्टहरू हटाउने आदेशलाई चुनौती दिएका कारण गत वर्ष भारतीय अदालतले एक्सलाई ६१ हजार अमेरिकी डलर जरिवाना गरेको थियो। रासस

## फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको सङ्ख्या १०० भन्दा बढी पुग्यो

मनिला, ११ कात्तिक/एएफपी

फिलिपिन्समा उष्णकटिबन्धीय आँधी 'ट्रामी'का कारण मृत्यु हुनेको सङ्ख्या १०० भन्दा बढी पुगेको उद्धारकर्मीले आइतवार बताएका छन्।

आँधीपछि आत्तिएर एउटा तालमा हाम फालेका दर्जनौं मानिस अझै हराइरहेका छन् भने उनीहरूको खोजी भइरहेको छ। गत अक्टोबर २४ मा फिलिपिन्समा आएको 'ट्रामी' यस वर्षको सबैभन्दा घातक आँधीमध्ये एक थियो।

राष्ट्रिय विपद् निकायका अनुसार भूकम्पका कारण पाँच लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् भने कम्तीमा ३६ जना हराइरहेका छन्।

सबैभन्दा बढी प्रभावित बिकोल क्षेत्रमा प्रहरीले ३८ जनाको डुबेर मृत्यु भएको जनाएको छ।

बिकोलका क्षेत्रीय प्रहरी निर्देशक आन्द्रे डिजोनले एएफपीसँग भने, "हामीलाई अझै पनि धेरै फोन आइरहेका छन् र हामी सकेसम्म धेरै मानिसलाई बचाउने प्रयास गरिरहेका छौं।"

"आशा छ, त्यहाँ थप मृत्यु हुनेछैन," उनले भने।

डिजोनले यस क्षेत्रको क्यामारिन सुर प्रान्तका धेरै बासिन्दा अझै पनि आफ्नो घरको छत र माथिल्लो तलामा फसेको बताए।

मनिलाको दक्षिणमा पर्ने बाटाङ्गासमा मृत्यु हुनेको सङ्ख्या ५५ पुगेको प्रान्तीय प्रहरी प्रमुख ज्याकिन्टो मालिनाओले एएफपीलाई जानकारी दिए।

क्याभिट प्रान्तमा डुबेर दुईजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

एएफपीको आधिकारिक प्रहरी र विपद् निकाय स्रोतका अनुसार अन्य प्रान्तमा थप पाँचजनाको शव फेला परेपछि मृतकको सङ्ख्या १०० पुगेको छ।

नागरिक सुरक्षा कार्यालयका एडगर पोसाडासले भने, "आगामी दिनमा अझै धेरै मानिसको मृत्यु भएको जानकारी आउने सम्भावना छ किनभने उद्धारकर्ताहरू पहिलेभन्दा फरक स्थानमा उद्धारका लागि पुगेका छन्।"

प्रहरी, तटरक्षक र मरिन डाइभिङ टोलीले आइतवार पनि बाटाङ्गासको तालमा हाम फालेका भनिएका सात परिवारको खोजी गरिरहेका छन्।

प्रान्तीय प्रहरी प्रमुख मालिनाओले भने, "पहाडको पानीले बालेटे शहरमा रहेको उनीहरूको घरमा पहिरो र बाढी ल्याएपछि उनीहरू घर भत्किने डरले आत्तिएर तालमा हाम फालेका थिए।"

बाटाङ्गासमा अधिकांशको मृत्यु वर्षाका कारण आएको पहिरोका कारण भएको बताइएको छ।

माटो, ढुङ्गा र ढलेका रूखको थुप्रोबाट २० जनाभन्दा बढीको शव निकालिएको छ भने कम्तीमा २० जना अझै हराइरहेका प्रहरीले जनाएको छ।

मालिनाओले भने, "सबै शव नभेटिएसम्म हामी खोजी जारी राख्नेछौं।" उत्तरी फिलिपिन्सको विभिन्न भागमा आएको बाढीका कारण करीब पाँच लाख ६० हजार मानिस विस्थापित भएका राष्ट्रिय विपद् निकायले आइतवार जनाएको छ।

प्रत्येक वर्ष करीब २० वटा ठूला आँधीबेहरीले फिलिपिन्स र यसको वरपरका घर र पूर्वाधारमा क्षति पुऱ्याउने गरेको छ भने दर्जनौं मानिसको ज्यान लिने गरेको छ।

एशिया-प्रशान्त क्षेत्रका आँधीबेहरीहरू समुद्र तटको नजीक बढ्दै गएको र जलवायु परिवर्तनका कारण जमीनमा अझ तीव्र र लामो समयसम्म टिक्ने आँधी आउने हालै गरिएको एक अध्ययनले देखाएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**काठमाडौं-तराई द्रुतमार्गको निर्माणाधीन सुरुङ मार्ग:** काठमाडौं-तराई द्रुतमार्गको मकवानपुरस्थित प्याकेज नम्बर दुई अन्तर्गत धेद्रे सुरुङ मार्ग। तस्बिरः अञ्जली थापा/रासस

## सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निश्शुल्क हुने

काठमाडौं, ११ कात्तिक/रासस

सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको उपचार निश्शुल्क हुने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आइतवार मन्त्रीस्तरीय निर्णय गरे अनुसार कान्ति बाल अस्पताल काठमाडौं, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा निश्शुल्क उपचार हुने भएको हो।

आगामी मङ्सिर १ गतेबाट निर्णय लागू हुनेगरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्री पौडेलले पदबहाली गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निश्शुल्क बनाउन पहल थालेका थिए।

सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकममा अपुग भए मन्त्रालयको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए।

नेपालमा हुने कुल मृत्युमध्ये ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ। त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ।

यहाँ सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएको पाइएको छ। नेपालमा हरेक वर्ष करीब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको महाशाखाले जनाएको छ।

## नेप्से परिसूचक नौ दशमलव १९ अङ्कले घट्यो

काठमाडौं, ११ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक नौ दशमलव १९ अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ओरालो लागेर दुई हजार ६१६ दशमलव ९५ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ४५ अङ्कले ओरालो लागेर ४६९ दशमलव ८० मा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्य उकालो लाग्दा आठ उपसमूहको भने शेयर मूल्यमा गिरावट भएको छ।

कुल एक करोड ११ लाख ३४ हजार १७८ कित्ता शेयर रु चार अर्ब ७३ करोड २४ लाख ८७ हजार ८६४ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार लाइफ इन्स्योरेन्स, रिभर फल्स पावर, माई खोला हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

समृद्धि फाइनान्स नौ दशमलव ९९ र कालिञ्चोक दर्शनका लगानीकर्ताले नौ दशमलव ७७ प्रतिशतले कमाएका छन्। त्यस्तै, नेपाल एसबिआई बैंक छ दशमलव ७९, प्राइम बैंक चार दशमलव १७, रावा इनर्जी चार दशमलव शून्य तीन, आइसिएफसी फाइनान्स तीन दशमलव ८३ र ज्योति विकास बैंकको ऋणपत्रका लगानीकर्ताले तीन दशमलव ६७ प्रतिशतले गुमाएका छन्।

### सोमवारदेखि ...

रूपमा अन्तिम शुक्रवार र शनिवार दुई दिन रात्रिबजार सञ्चालन गर्ने महानगरले घोषणा गरे पनि दुई/तीन पटकभन्दा बढी रात्रिबजार लाग्न सकेन।

२०८१ वैशाखमा नयाँ वर्षलाई लक्षित गरेर रात्रिबजार लागेको थियो र त्यसपछि अहिले दीपावली, छठलाई लक्षित गरेर रात्रिबजार लाग्न गइरहेको छ। महानगरले आर्थिक गतिविधि चलायनमान गर्नको लागि रात्रिबजार आयोजना गर्दै आएको हो। रात्रिबजार लक्षित गरेर यस अघि सीमानाका पनि अबेर राति १ बजेसम्म खुला गरिएको थियो।

यसपटक भने सो कार्य हुने/नहुनेबारेमा महानगरले कुनै जानकारी गराएको छैन।

### उद्योगमा कडाइ ...

उद्योगहरू पर्छन्। महानगर अन्तर्गतका श्रीसिया नदी प्रदूषण गर्ने सूचीमा रहेका उद्योगहरूमध्ये मरियम लेदरले नयाँ पानी प्रशोधन केन्द्र सञ्चालनमा ल्याएको छ। दुर्गा पल्सले पनि पानी प्रशोधन केन्द्र सञ्चालनमा ल्याएको छ भने नारायणी लेदरले पुरानै प्रशोधन केन्द्रमार्फत प्रशोधन गरेर पानी श्रीसिया नदीमा विसर्जन गर्दै आएको छ।

अहिले छातापिपरास्थित कोहिनूर टेक्सटाइल्सले प्रदूषित पानी श्रीसिया नदीमा सीधैं विसर्जन गर्दै आएको देखिएको छ। यसलाई नियन्त्रण गर्न महानगरले प्रयास गरे पनि अहिलेसम्म सफल भएको छैन। जीतपुरसिमरा उपमनपा अन्तर्गत केही उद्योगहरूले नाला बनाएर उद्योगको भित्रबाट श्रीसिया नदीमा प्रदूषित पानी प्रवाह गर्दै आएका छन्। यी सबैलाई अहिले कात्तिक १ गतेदेखि पूर्णरूपमा रोक लगाइएको महानगरले जनाएको छ।

महानगरले उद्योगहरूको प्रदूषित पानी विसर्जनमा रोक लगाए पनि महानगर अन्तर्गतका क्षेत्रबाट श्रीसिया नदी प्रदूषित हुने काम भने रोक्न सकेको छैन। महानगरका विभिन्न स्थानबाट श्रीसिया नदीमा शौचालय, घरका पानी सीधैं श्रीसिया नदीमा पुगिरहेको छ। मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना अन्तर्गत श्रीसिया नदी भारततर्फ बग्ने हुनाले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रदूषित पानी प्रशोधन गरेर श्रीसियामा विसर्जन गर्नुपर्ने हुँदा निर्माण भएको पानी प्रशोधन केन्द्र अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। जसले गर्दा महानगरको प्रदूषित पानी अहिले पनि सीधैं श्रीसियामा बग्ने गरेको छ।

पाँच वर्ष अघि निर्माण भएको पानी प्रशोधन केन्द्र सञ्चालनमा ल्याउनेतर्फ महानगरले अहिलेसम्म पहल गरेको छैन। देखाउनको लागि मात्र पानी प्रशोधन केन्द्र बनाएको तर त्यसमा खर्च बढी हुने भन्दै महानगरले अहिलेसम्म सञ्चालनमा ल्याएको छैन।

### मधेस सरकारले ....

उपलब्ध गराउन पहल गर्ने प्रतिबद्धता जाहेर गरे।

पोखरिया अस्पतालको भवन निर्माण कार्य अधूरो छ भने जनशक्ति अभाव र उपकरण नहुँदा सेवा प्रभावित भएको छ। यसैगरी, जगतपुर बर्थिङ सेन्टरको भौतिक संरचना निर्माण कार्य पनि अधूरो छ।

राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य निजामुद्दीन समानीको नेतृत्वमा असोज १३ गतेदेखि अस्पतालको स्तरोन्नतिको विषयलाई लिएर ११ दिन धर्ना दिइएको थियो। सो धर्नालाई सङ्घीय सरकारका मन्त्री राजकुमार गुप्ता र प्रदेश सरकारका मन्त्री प्रमोद जयसवालको अग्रसरतामा समापन गराइएको थियो। उनीहरूले अस्पतालको सन्दर्भमा सङ्घ सरकारमार्फत मागहरू सम्बोधन गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। सोही सन्दर्भमा प्रदेशका मुख्यमन्त्री पनि आज अस्पतालको अनुगमनमा आएका हुन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – राज्यलाभ | कर्कट – धनखति |
| सिंह – सुयश | कन्या – अलमल |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# तीनजना काठ तस्कर पक्राउ

प्रस, निजगढ, ११ कात्तिक/

पिकअप जीपमा साल र सिसौको चिरान काठ चोरी तस्करी गरी लैजाँदै टोलीले बारागढी गाउँपालिकाको पोखरिया र भवानीपुरबीच सडकमा पक्राउ गरेको हो। पक्राउ परेका तीनैजना र सिसौं २०.६० क्युफिट रहेको र सोको हालको बजार मूल्य डेढ लाखभन्दा बढी रहेको डिवका, बाराले जनाएको छ।



गर्दा शनिवार राति ११:३० बजे एउटा पिकअप जीप, एउटा मोटरसाइकलसहित तीनजना पक्राउ परेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ।

पक्राउ पर्नेमा करैयामाई गाउँपालिका-७ बस्ने ४० वर्षीय हरिभजन चौधरी, सोही वडा बस्ने ३५ वर्षीय रामप्रताप चौधरी र सोही गाउँपालिका-५ बस्ने २७ वर्षीय दीपनारायण चौधरी रहेका छन्। बाराको पिपराबाट ना.३च १९०१ नम्बरको पिकअप जीपमा अवैधरूपमा चिरान काठ लगिरहेको सूचना प्राप्त हुनासाथ नेपाल प्रहरीको एउटै मोटरसाइकलमा चढी चिरान काठ लोड पिकअप जीपलाई स्कटिङ गरिरहेका थिए।

पिकअप जीपलाई स्कटिङ गर्ने दुईटा मोटरसाइकलमध्ये मधेस प्रदेश ०३-०२८ प ५०१४ नम्बरको एउटा मोटरसाइकलसहित उनीहरूलाई पक्राउ गरी प्रहरीले डिभिजन वन कार्यालय, बारालाई बुझाएको बाराका डिभिजनल वन अधिकृत राजीवकुमार झाले बताए। उनले अनुसन्धान प्रक्रिया अघि बढेको बताएका छन्।

सालको चिरान काठ २०.५८ क्युफिट

फरार रहेका पिकअपका जीप चालक कोल्हवी नगरपालिका धोधरपाका विश्वास चौधरी र अर्को मोटरसाइकलमा स्कटिङ गर्ने फरार व्यक्ति सोही ठाउँका श्रवण धामी र अल्ताब चौधरी रहेको जनाइएको छ। फरार रहेको अर्को मोटरसाइकलसहित काठ तस्करको खोजी कार्य तीव्र पारिएको डिभिजन वन कार्यालय, बाराले जनाउँदै दशैं, तिहार, छठ पर्वमा वन क्षेत्रको रूख काटी चोरी तस्करी हुन सक्ने घटनालाई रोक्न विशेष वन सुरक्षा गस्ती परिचालन गरिएको डिभिजन वन अधिकृत झाले जानकारी दिए।

# नेपालमा बिआरआई परियोजना सञ्चालनमा नरहेको

प्रस, वीरगंज, ११ कात्तिक/

राष्ट्रिय एकता अभियानले आइतवार कार्यक्रम गरी चिनियाँ राजदूत चेन सोङद्वारा गरिएको भ्रामक दाबीको विरोध गर्दै नेपाल सरकारसँग कूटनीतिक कदम चाल्न माग गरेको छ।

अभियानले सूचना अधिकार (आरटिआई) ऐन अन्तर्गत बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)सम्बन्धी आधिकारिक जानकारी माग गरेको थियो। नेपाल सरकारको अर्थ मन्त्रालयबाट प्राप्त जवाफ अनुसार नेपालमा हाल बिआरआई अन्तर्गत कुनै परियोजना सञ्चालनमा नरहेको पुष्टि गरेको छ। तर चिनियाँ राजदूत चेन सोङले सामाजिक सञ्जालमार्फत काठमाडौं चक्रपथ दोस्रो चरण, हिल्सा-सिमिकोट सडक स्तरोन्नति, अरनिको राजमार्ग चौथो चरण र मुस्ताङस्थित कोरला नाकामा अन्तरदेशीय चेक पोस्ट (आइसिपी) निर्माणलाई बिआरआई अन्तर्गतको परियोजना भनेर दाबी गरेका छन्।

अभियानका नेताहरूले चिनियाँ राजदूतको यस्तो दाबीले नेपालको आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप गरेको छ र यसले नेपाल र चीनबीचको कूटनीतिक मर्यादामा आँच पुऱ्याएको बताए।

अभियानका उपत्यका संयोजक महेश्वरमान वैद्यले चिनियाँ राजदूतको यस्तो झूटो दाबीले नेपालको आर्थिक सुरक्षा र अन्तर्राष्ट्रिय प्रतिष्ठामा गम्भीर असर पार्न सक्ने बताए।


पत्रकार सम्मेलनमा अभियानका केन्द्रीय सदस्य शान्ति चौधरी, चन्द्र यदुवंशी, रामकुमार पासवानलगायतले चिनियाँ राजदूतलाई देशनिकाला गरी नेपालको सार्वभौमिकता र सम्मानलाई कायम राख्न सरकारसँग अपील गरेका छन्।

# घाँटी रेटेर यादवको हत्या

प्रस, वीरगंज, ११ कात्तिक/

बारा जिल्ला, महागढीमाई नगरपालिका-१ बस्ने ५५ वर्षीय श्रीनारायणप्रसाद यादवको घाँटी रेटी हत्या भएको छ। शनिवार राति उनको घाँटी रेटी हत्या भएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए। उनले प्रारम्भिक अनुसन्धानमा यादवको हत्या घरायसी विवादको कारण भएको र सो कार्यमा संलग्न रहेको आशङ्कामा छजनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको बताए।

हिजो राति धारिलो हतियार प्रहार गरेर घाँटी रेटेपछि घाइते भएका थिए र उनको मृत्यु उपचारको क्रममा प्रादेशिक अस्पतालमा भएको प्रहरीले जनाएको छ। शुरूमा तीनजना र पछि तीनजनालाई अनुसन्धानको क्रममा पक्राउ गरेर थप अनुसन्धान अगाडि बढाएको प्रवक्ता सापकोटाले बताए।




# खेलकूदको संसार

## भारतलाई हराउँदै नेपाल फाइनलमा

काठमाडौं, ११ कात्तिक/रासस

नेपाल साफ माहिला च्याम्पियनशिप-२०२४ को फाइनलमा प्रवेश गरेको छ। केहीबेर अघि सम्पन्न खेलमा नेपालले भारतलाई टाइब्रेकरमा ४-२ गोलले हराउँदै फाइनलमा स्थान बनाएको हो। निर्धारित समयमा दुवै टोलीले एक/एक गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा गएको थियो।


तस्वीरः एन्फा

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा दुवै टोलीले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए। निर्धारित ४५ मिनेट तथा अतिरिक्त तीन मिनेटको समयमा पनि नेपाल र भारतले गोल गर्न सकेनन्। पहिलो हाफमा भारतले नेपालमाथि दबाब बनाइराख्दा नेपाल गोल गर्नबाट चुक्यो। नेपाल र भारत दुवैले केही उत्कृष्ट अवसर प्राप्त गरे पनि गोल गर्न भने सकेनन्।

मध्यान्तरपछिको खेलमा नेपालकी रेखा पौडेलले रातो कार्ड पाएपछि मैदान छोड्नुपरेको थियो। खेलको ५१औं मिनेटमा दोहोरो पहेंलो कार्ड पाएपछि उनले मैदान छोड्नुपरेको हो। नेपाल १० खेलाडीमा सीमित बन्यो। रेखाले रातो कार्ड पाएपछि नेपाली दर्शकहरूले केहीबेर नाराबाजी गरेका थिए। दोस्रो हाफमा भारतकी सङ्गीता बास्फोरले उत्कृष्ट गोल गर्दै अग्रता लिइन्। भारतले गोलको खुशी मनाइरहेको अवस्थामा नेपालले लगत्तै गोल गरेको थियो। तर रेफ्रीले उक्त गोललाई मान्यता दिएनन्। तनावका कारण खेल लामो समयसम्म खेल रोकिएको थियो।

खेल पुनः शुरू भए लगत्तै नेपालकी सावित्रा भण्डारी 'साम्बा'ले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा पुऱ्याइन्। त्यसपछि गोल हुन नसक्दा खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा नेपालले चार तथा भारतले दुईवटा मात्र गोल गर्न सक्यो। नेपालले अब फाइनल खेल बङ्गलादेशसँग खेल्नेछ।

## भुटानलाई हराउँदै बङ्गलादेश फाइनलमा प्रवेश

काठमाडौं, ११ कात्तिक/रासस

तोहुरा खातुनको ह्याट्रिकसँगै बङ्गलादेशले भुटानलाई पराजित गर्दै साफ वुमन्स च्याम्पियनशिप-२०२४ को फाइनलमा प्रवेश गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतवार भएको पहिलो सेमिफाइनल खेलमा बङ्गलादेशले भुटानलाई ७-१ को फराकिलो गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो।


तस्वीरः एजेन्सी

बङ्गलादेशकी तोहुरा खातुनले ह्याट्रिक गरिन्। त्यस्तै, साविना खातुनले दुई गोल गर्दा ऋतु पोर्ना चक्मा र सेउली अजिम समान एक/एक गोल गरेका हुन्। भुटानका लागि डेकी लाजोमले एक गोल फर्काइन्।

## टेबल टेनिसमा नेपालले साउदीलाई हरायो

काठमाडौं, ११ कात्तिक/रासस

बहराइनको मानामामा जारी आइएसएफ जिम्नासाइडको टेबल टेनिसमा नेपालले महिला 'टीम इभेन्ट'मा साउदी अरबियालाई पराजित गरेको छ।



तस्वीरः एजेन्सी

बहराइन नेशनल स्टेडियमस्थित इसा स्पोर्ट्स सिटीहल 'बी' मा ९ देखि १३औं स्थानका लागि भएको प्रतिस्पर्धामा नेपालले साउदी अरेबियालाई ४-१ ले पराजित गऱ्यो। जीतसँगै नेपालले सोमवार ९ देखि ११औं स्थानका लागि युगान्डा वानसँग खेल्नेछ। यो खेल जितेमा नेपालले पुनः ९ देखि १०औं स्थानका लागि खेल्ने अवसर पाउनेछ। नतीजा अनुकूल नआएमा नेपाल ११औं स्थानमा रहनेछ।

महिला टीम इभेन्टमा नेपालले समूह चरणमा इङ्ल्यान्ड, अजरबैजान, इटाली र चाइनिज ताइपेईसँग प्रतिस्पर्धा गरेको थियो। नेपाल इङ्ल्यान्डसँग ४-३, अजरबैजानसँग ५-२, इटालीसँग ५-२ र चाइनिज ताइपेईसँग ७-० ले पराजित भएको थियो। महिला टीममा नेपालबाट इभाना थापा, वियङ्का राई, माल्सा नेपाल र विद्विसा मैनालीले खेलिरहेका छन्।

महिलामा नेपालले सिङ्गल्स स्पर्धामा पनि प्रतिस्पर्धा गर्नेछ। पुरुषमा जेविश बुर्लाकोटी र आशिष महताले पनि सिङ्गल्समा नेपालको चुनौती प्रस्तुत गर्नेछन्।

# सोमवारदेखि दीपावलीलक्षित रात्रिबजार



प्रस, वीरगंज, ११ कात्तिक/

वीरगंज महानगरपालिका र ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा सोमवारदेखि दीपावलीलक्षित रात्रिबजार सञ्चालनमा आउने भएको छ।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले सोमवारदेखि आदर्शनगर चोकदेखि भाजुरत्न चोकसम्म रात्रिबजार मेला लाग्ने बताए। उनले रात्रिबजारमा खानाका विशेष परिकाहरू, लत्ताकपडा, कस्मेटिक, भाँडाकुँडालगायतका सामग्रीहरू बिक्रीका लागि राखिने बताए।

यसैगरी, बजारमा नेपाली संस्कृति, परम्परा झल्किने झाँकीको प्रस्तुतीकरण गरिने बताए। वीरगंज महानगरपालिका र ग्रीन सिटीको आयोजनामा २०८० वैशाखमा नयाँ वर्षको अवसर पारेर रात्रिबजार शुरू भएको थियो। मासिक

(बाँकी पाँचौं पातामा)

## निमोनियाबाट बचौं र बचाऔं

**फोक्सोमा हुने निमोनिया सङ्क्रमणका लक्षणहरू:**

- ज्वरो आउने, खोकी लाग्ने,
- श्वासप्रश्वासको गति बढ्ने, श्वास फेर्न गाऱ्हो हुने,
- ससाना बालबालिकालाई आमाको दूध चुस्न गाऱ्हो हुने,
- शरीर नीलो हुने,

यसबाट बढी मात्रामा बालबालिका प्रभावित हुने हुँदा त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड